## राहत वितरण तथा पहिरोले पुरिएका व्यक्तिहरुको शव फेला परेको सम्बन्धमा

मिति २०७४/०४/२२ गते राती परेको अविरल वर्षाका कारण जिल्ला रसुवा उत्तरगया गाउँपालिका वडा नं. ४ पैरेवेशीमा पहिरो आई उक्त पहिरोमा परि चारजना पुरिएको र घरहरु समेत पुरिएर क्षति भएको घटनास्थलमा तीनवटै सुरक्षानिकायका सुरक्षाकर्मीहरु पुगी प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपाने, कालिजंग गण, रसुवाका प्रमुख सेनानी शितल बानियाँ र नेपाल प्रहरीका प्रमुख प्र.ना.उ. फणिन्द्र प्रसाईं सहितको टोली पुरिएर वेपत्ता भएका निम्न व्यक्तिहरुको खोजतलासको लागि सुरक्षाकर्मीको साथसाथै स्काभेक्टरको सहयोगले खोजतलास गर्ने क्रममा निम्न तीन जनाको शव फेला परेको र एक जना धर्म बहादुर थापा फेला नपरेको, पहिरोका कारण जोखिममा परेका घरपरिवारलाई त्रिशुली हाईड्रोपावर 3A र 3B को कोलोनीमा अस्थायी बसोबासको लागि व्यवस्था मिलाइएको साथै शवहरु घटना स्थलमै प्रहरीहरुको निगरानीमा रहेको, प्रतिकुल मौसम कारण खोजतलास कार्य स्थगित गरी भोली पून: खोजी कार्य जारी राख्ने र उक्त पहिरोबाट पूर्ण रुपमा घर क्षेती भएको निम्न घरधुरीलाई राहत स्वरुप नगद रु. १०,००० र अन्य राहत सामाग्रीहरु प्रमुख जिल्ला अधिकारीद्वारा घटनास्थलमा नै वितरण भएको ।

फेला परेका शवहरु:

१. मुनाथापा मगर, वर्ष-३३
२. रविनथापा मगर, वर्ष-४ (नाबालक)
३. भक्तबहादुर नगरकोटी, वर्ष-७८

राहत प्राप्त गर्ने घरधुरीहरु:

१. छत्र बहादुर थापा मगर
२. अजितथापा मगर
३. लालबहादुर थापा मगर
४. गोपालथापा मगर
५. हरि बहादुर थापा मगर
६. थर्कबहादुर घले
७. दिपक घले
८. रामचन्द्र थापा मगर
९. बाबुरामथापा मगर
१०. देवकीभुजेल
११. कान्छीमाया थापा मगर
१२. चन्द्र प्रसादपौडेल
१३. ब्यानबहादुर थापा
१४. रामचन्द्र थापा